Sikkim Express 19-07-19

# Rangpo-Rorathang road cut off



SANGAY AGARWAL

**RANGPO, July 18:** The Rangpo-Rorathang road in east Sikkim has been shut indefinitely after the road suffered severe damages.

The road had initially suffered damage and was opened for one lane traffic. However, on Thursday morning, the road collapsed and crumbled into the stream below, near Sikkim Distilleries unit.

About 50 metres of the road was washed away.

According to information, cracks had developed on the road and heavy vehicles were not allowed to ply since yesterday.

The boundary wall of Sikkim Distilleries unit located above the road also collapsed, and the whole unit could come crashing down if immediate measures are not taken.

The road damage has troubled the commuters who take that route daily to attend office or for other purposes. The road connects more than 20 towns, sub-towns and villages including Rhenock and Rongli.

The 20 odd industrial units located along the route have also declared three-day holidays for the workers.

Some of the pharmacy units this correspondent contacted said that the road blockage and halt in production will cost them about 4-5 crores a day.



The local administrations are assessing the situations. Area MLA and SLA speaker L.B. Das also visited the spot and has called a coordination meeting with line departments.

हाम्रो प्रजाशक्ति १९-०७-१९

# सड़क चुँड़िदा रम्फू–रोड़ाथाङबीच टुट्यो सम्पर्क

## वैकल्पिक व्यवस्थाका लागि क्षेत्र विधायकले गरे सम्बन्धित निकायसित बैठक

**रम्फू, १८ जुलाईः** सिक्किमको प्रमुख प्रवेशद्वार रम्फू र रोड़ाथाङ बीच सिक्किम डिस्टिलेरिज कारखाना नजिक सड़क दबेको कारण रम्फूदेखि कुम्रेक, रोड़ाथाङ, रिनाक,रंगेली, पाकिम र अन्य स्थानको यातायात ठप्प बनेको छ। उक्त सड़क मार्गमा बुधबारदेखि नै सड़क चर्किन थालेको थियो भने बिहिवार बिहान ७:३० बजी अचानक दुई स्थानमा सड़क पूर्ण रूपले दबिएको कारण यातायात सम्पूर्ण रूपले बन्द भएको छ। यसरी नै सिक्किम डिस्टिलेरिजको पनि सुरक्षा पर्खाल भत्केकोले कम्पनीलाई पनि नोक्सान पुगेको र अझ पानी परेको खण्डमा यसरी देवल भत्किने क्रम जारी रहे कम्पनीलाई पनि खतरा उत्पन्न हुने अधिक सम्भावना रहेको बताइएको छ। सो सड़क पूर्ण रूपले दबेको कारण पैदल यात्रीलाई पनि हिँड्डिर सड़क पार्न गर्न असम्भव रहेको छ। आवश्यक परेको खण्डमा चानाटार नजिक अति नै दुर्गम पैदल मार्ग भएर सोही दबिएको स्थानबाट केही परसम्म पुग्न सकिने जानकारी प्राप्त भएको छ।



स्मरण रहोस् यो सड़क मार्ग भारत–चीन सिमाना नथुला पुग्नको निम्ति पनि सबै भन्दा छोटो मार्ग हो भने यस क्षेत्रमा २० भन्दा अधिक साना ठूला औद्योगिक एकाईहरू पनि छन्। सड़क सुचारू हुन समय लाग्ने देखिएपछि औद्योगिक एकाईहरूले सबै अधिकारी, कर्मचारीहरूको निम्ति तीन दिनको बिदा पनि घोषणा गरेको छ।

औद्योगिक एकाईका प्रतिनिधिहरूसँग कुराकानी गर्दा एउटा औद्योगिक एकाईको एक दिनको उत्पादन बन्द हुँदा चारदेखि पाँच करोड़ रूपियाँको आर्थिक नोक्सानी

▶ बाँकी पाना ९-मा

## वैकल्पिक व्यवस्थाका लागि...

हाम्रो प्रजाशक्ति १९.०७.१९

हुने गर्दछ। अर्कोतिर बुधवारदेखि नै नजर राखिरहेको स्थानीय प्रशासनले आज बिहानदेखि नै क्षेत्रको निरीक्षणको साथ कुनै वैकल्पिक व्यवस्थाको निम्ति बैठक गरिरहेको छ। क्षेत्र विधायक एवं विधानसभा अध्यक्ष एलबी दासले पनि आज यस प्रभावित क्षेत्रको भ्रमण गर्दै उक्त सड़क मार्ग सुचारू गर्न साथै वैकल्पिक व्यवस्थाको निम्ति सबै सम्बन्धित निकायहरूसँग समन्वय बैठक गरेर समाधान गरिने बताएका छन्। रम्फू पुलिस, वन विभाग, महकुमा अधिकारी रम्फू आदिद्वारा मार्गको वास्तविक स्थितिबारे विशेष निगरानी राखिएको छ। अर्कोतिर बिहिबार दिन भरी नै वाहन नचलेको कारण वाहन मालिक र चालकहरूले पनि ठूलो नोक्सानी खप्नु परेको गुनासो छ। सड़क मार्ग सुचारू हुने कुनै समय निर्धारित छैन। आम नागरिक, दैनिक यात्री, लामो दुरीको रेल, हवाई र बसमा यात्रा गर्ने यात्रीहरूलाई ठूलो समस्या परिरहेको जानकारी छ।



# पेलिङ-देन्तामबीचमा बाधित सड़क खोलियो

**गेजिङ, १८ जुलाईः** लगातार वर्षाको कारण एक हप्तासम्म बन्द रहेको पेलिङ-देन्ताम सड़कको सोममा पैह्रो गएर बाधित सड़क आजबाट खुला रहेको छ। पश्चिम सिक्किमको मुख्य कार्यालय आवत-जावत गर्ने मूल बाटो बन्द भएपछि यात्रीहरुलाई विकट समस्या झेल्नुपरेको थियो। यसको दोस्रो विकल्प मार्ग पनि नभएपछि यात्रीहरू धेरै दुखित थिए। सोम पैह्रोको समस्या यो बर्खामा मात्रै नभएर सालैपिच्छे बल्झने गाडे गाउ समान रहेको छ। यस मार्गलाई हिउँदको समयमा विभागले कान ओछ्याएर बस्ने गरेको अनि बर्खा लागेपछि आपत्ति जताउने गरेको छ। ठूला- ठूला गाडीहरू भने यस पैह्रोमा तर्न सक्दैनन् भने स-साना गाड़ीहरूको निम्ति मात्रै यो बाटो खुला रहेको छ। यस पैह्रोमा सरकारले करोड़ौं रुपियाँ सालमा खर्च गर्ने गरेको छ तर यस मार्गलाई सही निर्माण गर्न अभियन्ताहरू बिफल बनेका छन्। हिउँदको समय पैह्रो थामिएको बेला यसलाई राम्रो मरम्मति नगरे यो बाटोले दैनिक यात्रीहरुलाई दुःख दिने गरेको जन गुनासो छ। आज केही समयको लागिमात्र यो बाटो खुल्ला रहेको हो तर क्षण भरमा बन्द हुने सम्भावना देखिएको छ। सड़क खुल्ला रहे तापनि यस ठाउँमा पैह्रो बगिरहने भएकोले बाहन चालक र यात्रीहरुले ज्यान जोखिममा राखेर यात्रा गरिरहेका छन्।